# नवलपुरमा ९ करोडको सुन्तला उत्पादन



नवलपुर । यस वर्ष नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा ९ करोड रुपैयाँ बराबरको सुन्तला उत्पादन भएको छ ।

जिल्लामा सुन्तला लगाउने क्षेत्रफल बढेसँगै गत वर्षभन्दा उत्पादनमा वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले गत वर्ष ७ करोड १८ लाखको सुन्तला उत्पादन भएको बताए। जिल्लाको पहाडी क्षेत्रमा अमिला जातका फलफूलको जोन लागू भएपछि सुन्तला खेती गर्ने किसान र खेती गरिने क्षेत्रफलमा वृद्धि भएको उनको भनाइ छ ।

गत वर्ष कूल २२६ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिएकोमा १४१ हेक्टर क्षेत्रफलबाट मात्रै आम्दानी लिन थालिएको थियो । 'अघिल्लो वर्ष जिल्लामा १ हजार २२७ मेट्रिक टन मात्रै सुन्तला उत्पादन भएकोमा यस वर्ष १ हजार ४१४ मेट्रिक टन सुन्तला उत्पादन भएको छ,' सूचना अधिकारी काफ्लेले भने, 'यस वर्ष जिल्लामा सुन्तला खेतीको क्षेत्रफल बढेर २५६ हेक्टर पुगेकामा १६१ हेक्टरमा सुन्तला उत्पादन हुन थालेको  छ ।' जिल्लामा बर्सेनि सुन्तला उत्पादन हुने क्षेत्रफल वृद्धि हुँदै गइरहेको छ ।

'जोन लागू भएपछि किसानले बिरुवामा अनुदानसहित यान्त्रिक तथा प्राविधिक सहयोग पाउने गरेका छन्,' उनले भने, 'यसै कारण पहाडी क्षेत्रमा अन्य खेतीबाट खासै उत्पादन नहुने भएकाले किसानहरु सुन्तला खेतीतर्फ आकर्षित भएका हुन् ।' जिल्लाको बौदिकाली र बुलिङटार गाउँपालिका तथा गैंडाकोट नगरपालिकाको वडा नम्बर १८ मा व्यावसायिक रूपमा सुन्तला खेती गरिँदै आएको छ। जिल्लामा ३ हजार २०० किसानले सुन्तला खेती गर्दै आएका सूचना अधिकारी काफ्लेले बताए ।

# लम्सुवाघाट पुल १४ वर्षदेखि अलपत्र



भोजपुर । उत्तरी क्षेत्रबाट भोजपुर र संखुवासभालाई जोड्ने अरुण नदीको लम्सुवाघाटमा निर्माण भइरहेको पक्की पुल १४ वर्षदेखि अलपत्र परेको छ ।

करीब ४ करोड खर्च भएपछि पुल निर्माण अलपत्र बनेको हो । लम्सुवाघाटमा विक्रम संवत् २०६७ सालबाट पुल निर्माण थालिएको थियो । ६ पिल्लरको बेस राखेपछि पुल निर्माण अलपत्र बनेको षडानन्द-६ का वडाध्यक्ष सुमन विसुन्केले बताए । 'पुल निर्माणको काम १४ वर्षबाट अलपत्र छ,' वडाध्यक्ष विसुन्केले भने, 'राज्यको करीब ४ करोड खर्चपछि काम अलपत्र पारिएको अवस्था छ । यो पुल बनिदिए स्थानीयलाई राहत हुने थियो ।'

१७२ मिटर लामो पक्की पुल निर्माणका लागि काम थालिएको थियो। निर्माणको क्रममा नै अलपत्र बनेको पुल सम्पन्न गराउन राज्यले ध्यान दिनु पर्ने षडानन्द-६ का स्थानीय सीताराम लम्सालले बताए। पुक्की पुल नहुँदा आवतजावतमा समस्या रहेको उनको भनाइ छ । 'निर्माणको क्रममा लम्सुवाघाट पक्की पुल अलपत्र बनेको अवस्था छ,' उनले भने, 'पुल बन्ने आशामा बसेका हामी निराश बनेका छौं । राज्यले यो पुल निर्माणमा ध्यान दिन आवश्यक छ ।'

निर्माण कम्पनीले २०६७ सालदेखि पुल निर्माण सुरु गरेको थियो । सम्झौताअनुसार पुल २०७० सालमा सक्नुपर्ने थियो तर निर्माण कम्पनीले काममा ढिलाइ गरेपछि राज्यको तर्फबाट ठेक्का रद्द गरिएको सडक डिभिजन कार्यालय तुम्लिङटार प्रमुख शुभाञ्जन दाहालले जानकारी दिए ।

२०७८ सालमा ठेक्का रद्द प्रक्रियामा गएपछि निर्माण कम्पनीले हालेको मुद्दा कार्यालयको पक्षमा फैसला भएको उनको भनाइ छ । फैसलापछि पनि निर्माण कम्पनीले क्षतिपूर्तिको माग गर्दै पुनः अदालतमा रिट दायर गरेको र अदालतले रिट सदर गरेकाले ३ सदस्यीय मध्यस्थकर्तामार्फत समस्या समाधन प्रक्रियामा रहेको उनको जानकारी दिए ।

'काम नभएपछि राज्यको तर्फबाट ठेक्का रद्द गरिएको अवस्था हो,' प्रमुख दाहालले भने, 'निर्माण कम्पनीले मुद्दा हालेको अवस्था थियो ।

# लागूऔषध कारोबारी २ भारतीय पक्राउ

झापा । कनकाई नगरपालिका-४ स्थित भित्री सडकखण्डमा प्रहरीले गोली प्रहार गरी २ भारतीय लागूऔषध कारोबारीलाई पक्राउ गरेको छ ।

मंगलबार राति भारतको बिहार राज्यको डिगल बैंक थाना घर भएका २८ वर्षीय अन्जार आलम र उनका भाइ १९ वर्षीय यूसुब आलामलाई गोली चलाएर पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णबहादुर चन्दले जानकारी दिए ।

उनीहरूले बीआर ३७ एए ८४९८ नम्बरको मोटरसाइकलमा लागूऔषध ओसारपसार गरिरहेका थिए । प्रहरीले रोकेर जाँज गर्ने क्रममा दुवै जना भाग्न खोज्दा उनीहरूमाथि गोली चलाउनुपरेको उनले बताए ।

प्रहरीले ४ राउण्ड हवाई फायर गरी दुवै जनालाई नियन्त्रणमा लिएको छ । यस क्रममा मोटरसाइकल चालक अन्जार आलमको घुडाँमुनी गोली लागेको छ । उनीहरूको साथमा प्रतिबन्धित लागूऔषध ब्राउन सुगुर ६३ मिलिग्राम फेला परेको सूचना अधिकारी चन्दले बताए । घाइते अन्जारको प्रादेशिक अस्पताल भद्रपुरमा उपचार भइरहेको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| प्रहरी तथा एम्बुलेन्स | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१०७ |
| जिल्ला पहरी भक्तपुर | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| **अस्पताल र विविघ** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पातल | ५५२२२७८ |
| भक्तपूर अस्पताल | ६६१०६९६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण | ४४७६१५२ |
| अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपूर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४३७१३२२/४३७१३७४ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बलेन्सर शवव(ाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय र शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्स र रक्तसञ्चार सेवा नेसनल** | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिग होम तथा | |
| प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८८१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि ,बानेश्वर | ४४७४९६८/४४८९८९१ |
| **शववाहन र विविध** | |
| सामुदयिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोगबु | ४३८३१५२/४३८०४८ |
| नेपाल चेम्बर अफ कमस | ४२३०२१३ |
| पशुपति आइघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

# मोटरेवल पुल नहुँदा आवागमनमा सास्ती

मनाङ । जिल्लाको नासौं गाउँपालिका-५ र ६ जोड्ने मोटरेवल पुल नहुँदा आवागमनमा समस्या हुँदै आएको छ ।

मोटर तार्न र आवतजावत गर्न साँघु बनाएर चल्नुपर्ने अवस्था रहेको स्थानीय बताउँछन् । ।

मनसुन सक्रिय भएपछि तिल्चेवासीले मोटर तार्न र आवतजावत गर्न स्थानीयले काठका पुल भत्काउँछन् । सदरमुकामबाट गाउँ जाने बाटोमा पर्ने दूध खोलामा हरेक वर्ष मनसुन सकिएपछि पुल बनाएर आवागमनको व्यवस्था गरिन्छ । वर्षा लागेपछि काठे पुल भत्काउने र हिउँद लागेपछि बनाउने तिल्चेवासीको काम हो ।

स्थानीय गुणराज गुरुङले भने, 'वर्षा सकियो, गाउँवासी मिलेर पुल बनाउँछौं, हरेक वर्ष वर्षा लागेपछि पुल झिकेर राख्छौं, हिउँद लागेपछि झारा उठाएर हाल्छौं ।' पुलबाट गाडी आउजाउ र स्थानीयलाई हिँड्न सजिलो भएको उनले बताए। उनले भने, 'पर्यटक पनि यही पुल तरेर लार्केपास निस्किन्छन् ।' अघिल्लो वर्ष स्थानीय सरकार र गाउँलेले ४ लाख रुपैयाँभन्दा बढी खर्च गरी पुल निर्माण गरेका उनले उल्लेख गरेका छन् ।

नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले अहिले पुरानो पुल भएकाले झारा उठाउन २ लाख खर्च भएको जानकारी दिए। उनले भने, 'सुरुमा काठसहित ४ लाख जति खर्च भयो, अहिले काठ किन्न पर्दैन र २ लाखमा अस्थायी पुल तयार हुन्छ ।'

पुल बनाउन स्थानीय सरकारले पहल गरिरहेको भन्दै अध्यक्ष गुरुङले ८ वर्षअघि यहाँ पक्की पुल बनाउन ठेक्का लागिसकेका पनि ठेकेदार कम्पनी बेपत्ता भएपछि रोकिएको बताए । उनका अनुसार विक्रम संवत् २०७३ असार २० गते एमएस सञ्जीवनी खड्का कृष्णा र द क्याराभान कम्पनीले विक्रम संवत् २०७४ मंसिर २३ गतेसम्म पुल निर्माण सक्ने गरी संयुक्त ठेक्का सम्झौता गरेका थिए । करीब ३० प्रतिशत काम गरेर ठेकेदार कम्पनी बेपत्ता भएका उनको भनाइ छ ।

ठेकेदार कम्पनीसँग पटक-पटक बैठक बस्दा पुल निर्माण पूरा गर्ने प्रतिबद्धता जनाए पनि काम नभएको उनले बताए। यहाँ खोला तरेर तिल्चेवासीले दैनिकी गुजार्छन् भने पर्यटक लार्के पास गर्छन् । 'साविक जिल्ला विकास समिति हुँदा ४ करोड १ लाख रुपैयाँमा ठेक्का लागेको पुल पटक-पटक म्याद थप गर्दा पनि सम्पन्न भएको छैन । संघीयता कायम भएपछि अहिले पुलको स्वामित्व पूर्वाधार विकास कार्यालयमा सरेको छ,' अध्यक्ष गुरुङले भने। उनका अनुसार सम्झौता अनुसारको मितिमा पुल नबनेपछि विक्रम संवत् २०७७ असार २९ गते निर्माण सम्पन्न गर्ने गरी पहिलोपटक म्याद थप भएको थियो ।

जिल्ला प्रशासन कार्यालयले त्यसअघि पटक-पटक बैठक राखेर पुल बनाउन निर्देशन दिँदै आएको जनाएको छ। थपिएको म्यादमा पनि निर्माण सम्पन्न नभएपछि विक्रम संवत् २०७८ चैत मसान्तसम्ममा सक्ने गरी पुनः दोस्रो पटक म्याद थप भएको थियो । त्यसपछि म्याद थप नभएको बताउँदै अध्यक्ष गुरुङले ठेकेदारले दुवैतर्फ पिल्लर मात्र ठड्याएर करीब २ करोड निकासा लगिसकेका जानकारी दिए ।

सहायक प्रमुख जिल्ला अधिकारी शिशिर घिमिरले भने, ' अहिले म्याद थपिएको छैन, माथिबाट सम्बोधन हुन्छ भनेर हामीले केही गरेका छैनौं, जिल्लामा यसलाई रुग्ण ठेक्काका रूपमा सूचीकृत गरेका छौं, ठेकेदारलाई बोलाउँदा पनि आउँदैन ।'

यसअघि क्याराभानका अध्यक्ष चन्द्र थकालीले गत असारमा पुल बनाइसक्ने प्रतिबद्धता जनाएका थिए । पालिका अध्यक्ष गुरुङको पहलमा थकालीले भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव तुलसी भट्टराई, पूर्वाधार विकास निर्देशनालयका निर्देशक राम पराजुली समेतको उपस्थितिमा काम गर्ने लिखित प्रतिबद्धता गरेका हुन् । प्रतिबद्धता जनाएदेखि उनी सम्पर्कविहीन भएका अध्यक्ष गुरुङले बताए । त्यसअघि जिल्ला प्रशासन कार्यालयले पटक-पटक बैठक राखेर पुल बनाउन निर्देशन दिँदै आएको छ । 'थकालीले प्रशासनलाई सुनेनन्, जनतालाई सास्ती मात्र भयो । ३ पटकसम्म बैठक राख्दा पनि प्रतिबद्धता जनाउने, काम नगर्ने गरिरहेका छन्,' सहायक प्रमुख जिल्ला अधिकारी घिमिरले भने। पूर्वाधार विकास कार्यालयका प्रमुख हरि थापाले ठेकेदारले समयमा काम नगरेपछि पुल निर्माण अलपत्र बनेको बताए । उनले भने, 'ठेकेदारले काम नगरेपछि हामी पनि मिलेका छौं कि भनेर आरोप खेप्नुपर्ने अवस्था आएको छ, अहिले निर्माण कम्पनीलाई काम गर्न ताकेता दिइरहेका छौं । गत असोजमा काम सुरु गर्ने भने पनि हालसम्म सुरु भएको छैन । काम नगर्ने हो भने वैकल्पिक बाटो अपनाएर बैंक ग्यारेण्टी तान्ने प्रक्रियामा छौं ।'

क्याराभानले ठेक्का लिएको मनाङ डिस्याङ गाउँपालिका-५ मुङ्जेस्थित मर्स्याङ्दी नदीमाथिको पुल अलपत्र पारेपछि अग्रिम भुक्तानी बापतको ४२ लाख रुपैयाँ कार्यालयले जफत गरेको थापाले जानकारी दिए । ठेक्काविरुद्ध अहिले अख्तियारमा उजुरी परेकाले छानबिन भइरहेको उनले बताए ।

'एउटा मात्रै होइन, उसले ठेक्का लिएका जति सबै काम अलपत्र छन्, दूध खोलामा पनि फाउन्डेसनको काम सकिएको छैन । तीव्रता दिइयो भने १ महिनामा सकिन्छ,' पूर्वाधार विकास कार्यालयका प्रमुख थापाले भने, 'बैठकमा आउँदा प्रतिबद्धता जनाए पनि काम भइरहेको छैन, अब अन्तिम पटक अवसर दिएका छौं ।'

तत्काल काम सुरु नगरे ठेक्का तोड्ने प्रक्रियामा जाने उनले बताए ।

# शुक्लाफाँटामा निःशुल्क आँखा शिविर

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-९ मा सञ्चालित निःशुल्क आँखा शिविरबाट २१७ जना लाभान्वित भएका छन् ।

वडा कार्यालयको आर्थिक सहयोगमा तथा धनगढी नेत्रालयको प्राविधिक सहयोगमा आँखा शिविर सञ्चालन गरिएको हो । आँखासम्बन्धी रोगको परीक्षण तथा उपचारका लागि आयोजना गरिएको शिविरमा पुगेका १० महिला र १३ पुरूषमा मोतिया बिन्दुको समस्या देखिएको छ। शिविरमा आँखा जाँचका क्रममा मोतिया बिन्दु भएका बिरामीको निःशुल्क रूपमा शल्यक्रिया गर्ने व्यवस्था गरिएको शुक्लाफाँटा-९ वडाध्यक्ष रमेशबहादुर ऐरले बताए ।

मोतिया बिन्दु भएका बिरामीको धनगढी नेत्रालयले निःशुल्क रूपमा शल्यक्रिया गर्नेछ। शल्यक्रियाका लागि छनौट भएका बिरामीलाई धनगढीसम्म जान एकतर्फी गाडी भाडा उपलब्ध गराइनेछ भने बिरामीलाई औषधि र चश्मा निःशुल्क उपलब्ध गराउने सम्झौता रहेको वडाध्यक्ष ऐरले बताए ।

शिविरमा आँखा उपचारका लागि पुगेकामध्ये ३२ जनालाई निःशुल्क रूपमा चस्मा उपलव्ध गराइएको छ। अन्य बिरामीलाई निःशुल्क रूपमा औषधि र आवश्यक परामर्श दिने कार्य गरिएको छ ।

वडा कार्यालयले विगत ६ वर्षदेखि निरन्तर रूपमा निःशुल्क रूपमा आँखा शिविर आयोजना गरी वडाका वासिन्दालाई आँखा सम्बन्धी सेवा दिँदै आएको छ । हालसम्म वडाका ६०० बढी आँखामा मोतियाबिन्दु भएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको वडाध्यक्ष ऐरले बताए ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
सहकारी विभाग

सम्पूर्ण सहकारी संघ/संस्थाका शेयर सदस्यज्यूहरुलाई अनुरोध

तपाईहरुको सहकारी संघसस्थाले समयमानै लेखापरीषण, साधारणसभा गरे नगरेको , मासिक, चौमासिक र बार्षिक प्रतिवेदन नियामक निकायमा बुझाउने गरे नगरेको, सम्पति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना गरेको नगरेको, goAMl. मा नेपाल राष्ट्र बैकमा प्रतिवेदन गरे नगरेको साथै संधिय सहकारी विभागद्धारा सञ्चालित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(COPOMIS) मा आबद्ध भई नियमित रुपमा बिवरण प्रबिष्ट गर्ने गरे/ नगरेको ,सन्दर्भ व्याज दरको पालना गरे नगरेको, सेवा शुल्क तोकिए बमोजिम मात्र लिने गरे नगरेको र सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा आफ्नो निकायबाट जारी गरिएको ऐन, कानून नीति ,नियम र विभागबाट समयमा जारी गरीएको नीति,नियम कार्यविधि तथा निर्देशन बमोजिम संस्था सञ्चान भएर नभएको विषयमा चनाखो भई ध्यान पुयाउनुका साथै सक्रिय सदस्यको रुपमा भूमिका निर्बाह गर्नु हून अनुरोध छ ।

Mayadevi Rural Municipality
Office of the Rural Municipal Executive
Barewa Rupandehi

Invitation for Bids

Notice No: 06 /MRMUN/NCB/WORKS/2081-82
Date of First Publication : 06th Feb, 2025

1. **Mayadevi Rural Municipality, Barewa Rupandehi** invites electronic bids from eligible bidders for the **Construction of Ghagara Mahajidiya Sundarikaran along the Bhairahawa to Lumbini Road Section at Mayadevi-04 to 08** under National Competitive Bidding – Single Stage One Envelope Bidding procedures.
2. Only eligible bidders with the following key qualifications given below should participate in this bidding:

| Contract ID | Description of Works | Estimated Amount Nrs with VAT & PS | Bid Security Amount Nrs. | Bid Doc. Fee (Non-Refundable) Nrs |
|---|---|---|---|---|
| 03/MRMUN/NCB/WORKS/2081-82 | Construction of Ghagara Mahajidiya Sundarikaran along the Bhairahawa to Lumbini Road Section at Mayadevi-04 to 08 | 7,480,358.21 | Rs. 1,88,000.00 | Rs. 3,000.00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**